RNI No.: 21918/71

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष - 51 अंक - 2 फरवरी 2022 मासिक पत्रिका मूल्य 9/- पृष्ठ 12

## गोर्खाली सुधार सभा प्रांगणमा 73औं गणतंत्र दिवस समारोहको आयोजन







हाम्रो गोर्खाली सुधार सभाको रायपुर शाखा अध्यक्ष आ०कै०नरेंद्र सिंह गुरूंगज्यू को सम्मानित बाजे लार्ड सूबेदार, ऑनरेरी कप्तान स्वर्गीय संतबीर गुरुंग, सरदार बहादुर, ओबीआई, आईओएम, लास्ट ऑर्डरली ऑफिसर क्वीन्स एलिजाबेथ फर्स्टलाई माल्यार्पण गरि भावभिनी श्रद्धांजलि एवं श्रद्धा सुमन अर्पित गर्दै





गोर्खा माँगपत्र निम्ती विचार विमर्श गोष्ठीको आयोजन

17 अप्रैल 1938

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938
गोर्खाली सुधार सभा
देहरादून
वर्ष – 51, फरवरी 2022

सम्पादक
कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री

विशेष सहयोग
श्रीमती प्रभा शाह

स्वामी / मुद्रक / प्रकाशक
अध्यक्ष
गोर्खाली सुधार सभा

मुख्य कार्यालय
गोर्खाली सुधार सभा
मेजर धनसिंह थापा परमवीर चक्र मार्ग,
गढ़ी कैन्ट,
देहरादून
फोनः 0135–2756070,
9897440879

वितरक
सभा शाखाध्यक्ष
डिजाइनिंग टाइप सेटिंग
विमला थापा

प्रकाशन कार्यालय
वाणी प्रिंटिग प्रेस, धोसी गली,
देहरादून, उत्तराखण्ड

नोटः पत्रिकामा प्रकाशित लेखहरूको लागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून छ।

## सम्पादकीय

देशले 73 औं गणतंत्र दिवस धुम धामले मनायो। प्रत्येक बर्ष दिल्ली राजधानीको राजपथमा यो उत्सव धुम धामले मनाइन्छ। यस अवसरमा देशको सैन्य ताकत, समाज सम्बन्धित बिषयहरू, कला सांस्कृतिक परम्परा इत्यदि साथै इतिहास, ऐतिहासिक धरोहरको सठीक प्रदर्शन हुन्छ। झाँकीको रूपमा यो परेडमा देशको शक्ति, सुदृड़ परम्परा, संस्कार संस्कृतिको सन्देश विश्वमा पुग्छ। विबिधतामा एकता भएको यो देशमा जहाँ विभिन्न किसिमका, धर्मावल्म्वी,भाषा, कला साहित्य संस्कृतिक आस्था, विचार खान पान पहिरन इत्यादि छ। यो सबैको एउटा अस्तित्व छ विश्वमा ''भारतीय'' को रूपमा, ''इण्डियनको'' रूपमा। 26 जनवरी गणतंत्र दिवस राष्ट्र प्रेमले ओतप्रोत भई मनाइने गरिन्छ। यस बर्ष पारम्परिक गणतंत्र परेड समारोह भन्दा बेग्लै थियो। आजादीको 75 बर्ष अमृत महोत्सवको रूपमा मनाइयो यो गणतंत्र दिवस। सामरिक महत्वको कुरा गर्‍यौ भने लडाकु विमान राफेलको प्रर्दशन, साथै प्रथम पल्ट 75 वटा विमानहरूको प्रर्दशन। (फाइटर विमान–ट्रान्सपोर्टर, हेलिक्पटर) साथै नारी सशक्तिकरणको उदाहाराण महिला फाइटर पायलटको प्रतिभागी, भारतीय सेनाको ऑर्ड्नन्स (Ordanance) कोरको मार्चिगं दस्ताको कमानमा नारी अधिकारी थिइन् Border Security Force को मोटर साइकिल डिस्प्ले (Motor Cycle Dare Devil Display Team) को पुरा सदस्य सबै महिला थिइन्। यी महिलाहरूमा दुइवटा गोर्खा महिला, उपासना लामा, सरस्वती लामा थिइन्। यो चुनौती पूर्ण थियो। त्यो भन्दा बेसी युवाहरूको निम्ति हौसलावर्द्धक थियो, उत्साहित पूर्ण थियो। काश्मिर देखि कन्या कुमारी सम्म भारत एक हो भन्ने स्पष्ट सन्देश थियो 'एउटै विधान', 'एउटै निशान'। अन्य ऐतिहासिक अवसरहरूमा प्रथम पल्ट देशको सुरक्षाको निम्ति आफ्नो प्राणको आहुती दिने 'शहिद' हरूलाई श्रद्धांजली राष्ट्रीय समर स्मारक (National War Memorial) मा प्रधान मंत्री नरेन्द्र मोदीले चढाए। जम्मु काश्मिरको लाल चौकमा गणतंत्र दिवस भव्य रूपमा मनाइयो। सायद, प्रथम पटक राज्यको युवाहरूले तथा नानीहरूले भाग लिए यस परेडमा। भारतीय सेनाको समयकाल देखि बदलिन्दै आइ रहेको वर्दी साथै हथियारको क्रमागत विकासको प्रदर्शन उल्लेखनिय छ। सैन्य मार्चिगं दस्ताहरूमा तीनै सेना (थल, वायु, जल) को प्रदर्शन उच्च स्तरिय थियो साथै साज ओ सामानको प्रदर्शनले हाम्रो सामरिक शक्तिको सुदृड़ सन्देश हो। गोर्खा समुदायलाई अझ गर्व गर्ने अवसर प्राप्त भयो यस वर्षमा पनि हाम्रो समाजको संगित प्रेमी, संगितकार साथै पारम्परिक जातीय वादनको संरक्षण साथै पारम्परिक लोकगीत लोकभाकाको महत्व, संरक्षण प्रति जनचेतना पुरयाउने योगदानको निम्ति देशको 'पद्धम पुरस्कारको' क्रममा कालेबुंग निवासी श्री काजी सिंह लाई पद्धमश्री ले सम्मानित हुनु भएको छन्। यस्तो राष्ट्र स्तरमा गोर्खा महानुभावहरूको प्रतिनिधित्व तथा सम्मान एउटा ठुलो गर्वको कुरा हो।

## अध्यक्षको कलमबाट


श्री पदम सिंह थापा

विधान सभा चुनाव 2022 ले अन्तिम रूप लिई सकेको छ। उत्तराखण्डको चुनावमा गोर्खाहरूको 'वोट' महत्व राख्छ सायद अहिले सम्म हामीले यसको महत्व बुझेको छैनौं। हाम्रो समुदायको एउटा उम्मेदवारलाई पनि अहिले सम्म विजयी बनाउन हामी सफल भएका छैनौं। अवसर नपाएको होइन, अवसरलाई आफ्नौ निम्ति सफल बनाउन सकेका छैनौं। कमि हामीमा नै छ। अरूको अनुकरण गर्नु, अरूकै हात समातेर हिड़नु नै हामीलाई सायद आन्नद आउँदो हो, कारण थुप्रै छ। अहिले सम्म यो चुनावी जंगमा हामी लड़यौं अरूको निम्ति, जितायौ अरूलाई नै। अरूकै लडाईमा जिताएर उफ्रिने हामी, अब आफ्नै विजयमा उफ्रिनु मात्र होइन, नाँच्नु पनि पर्छ, आफ्नै भारवामा, आफ्नैरागमा, आफ्नै तालमा तब हाम्रो आफ्नै यात्रामा, जो हामीले रोजेको बाटो र गन्तव्य हुन्छ, आन्नद मनाउन सक्छौं। एउटा इतिहास रच्ने छौं। हाम्रोमा ताकत छ, अवसर छ, सक्षमता छ!! के आवश्यक छ, एक सोंचको, एकमतको अनि एउटै उदेश्यको।

## महामंत्रीको कलमबाट


श्री गोपाल क्षेत्री

राष्ट्रको उत्सवहरूमा एउटा महत्वपूर्ण उत्सव हो चुनावी उत्सव। गणतांत्रिक प्रणालीमा सरकारको गठन देशको नागरिकमा छ। नागिरकले चुनेको प्रतिनिधीहरूले सरकार गठन गरि आँउदो पाँच बर्ष सम्म सरकार चलॉउछ। राष्ट्रको निमार्णहरूमा सरकारको मन्तव्य सामुन्ने आउँछ, नीति जानिन्छ इत्यादि। इतिहास हेर्‌यौं भने पनि, देहरादुने गोर्खाहरूले राजनैतिक अखड़ामा लड़न जानेका छैनन् सिखेका छैनन्। कोशिश नगरेको होईन, तर सफल अहिले सम्म भएका छैनन्। उत्तराखण्डको विधान सभाको 'चुनाव 2022' (14 फरवरी 2022) मा पार्टी ले जनताको मन जित्नको निम्ति दिन रात मेहनत गरि रहेको छ। यस पाली, देहरादून बाट चार जना गोर्खाली प्रत्याशीहरू, चुनावी मैदानमा आफ्नो भाग्य अज्माई रहेका छन्। हाम्रो जाती र समुदायको निम्ति हर्ष र गर्वको कुरा हो। तर के हामीमा यिनीहरू सबैलाई जिताउने क्षमता छ, सायद गहिरो मन्थन गर्नु पर्ला। हाम्रो समुदायको पनि आकंक्षा होला, सपना होला, माँग होला, के यो पाटीहरू जसले हाम्रो प्रत्याशी गोर्खाहरूलाई चुनावी मैदानमा उतारेका छन्, के ती प्रत्याशीहरूलाई थाहा होला। सायद यसमा उत्तर नकारात्मक नै होला। जे भए पनि, समुदायको सबै सदस्यहरूले सोंचेर आफ्नो 'वोट' की सहि प्रयोग गरे उत्तम रहला जसको परिणामले गोर्खा समुदाय प्रति सकारात्मक सोंच आवोस, राज्यमा अन्य समुदाय जस्तै हाम्रो समुदायले पनि सम्पुर्ण अधिकार, सम्मान अनि समानता पाउन सकोस।

धन्यवाद!

# अंतरंग सभा 08 जनवरी 2022 गोखाली सुधार सभा

1. गत् महीनाको अंतरंग सभा गोर्खाली सुधार सभाको जनरल मानेक्शॉ सभागारमा दिनांक 08 जनवरी 2022 बिहान 11 बजे माननीय अध्यक्ष श्री पदम सिंह थापा ज्यूको अध्यक्षतामा सम्पन्न भयो। अंतरंग सभाको विवरण यस प्रकारले छः–

क) स्वागत सम्बोधन – महामंत्री श्री गोपाल क्षेत्री ज्यूले अंतरंग सभामा उपस्थित शाखाध्यक्ष, केन्द्रीयकारिणी, पूर्व अध्यक्ष तथा आमंत्रित अतिथिहरूको स्वागत अभिन्दन गर्नु भयो साथै उपस्थिती निम्ती आभार व्यक्त गर्नु भयो।

ख) दिवंगतहरू प्रति श्रद्धांजली – विगत माहमा दिवंगत हुनु भयेका सभा सदस्यहरूको आत्माशांन्ति तथा दुखित परिवारले पीड़ा सहन गर्ने शक्ति प्राप्त होस उपस्थित शांति प्रार्थना गर्नु भयो। दिवंगतहरूको सूची :–

| | | | |
|---|---|---|---|
| i) | श्री मोहन कुमार राई | चन्द्रबनी | 19/12/2021 |
| ii) | श्री गंगा बहादुर थापा | क्लेमेन्ट टाउन | 20/12/2021 |
| iii) | श्री ब्रिकान्त क्षेत्री | गढ़ी | 30/12/2021 |
| iv) | श्रीमती मनु थापा | छिद्दरवाला | 03/12/2021 |
| v) | श्री पदम बहादुर थापा | छिद्दरवाला | 05/01/2021 |
| vi) | प.कृष्ण प्रसाद खनाल | गढ़ी | 05/01/2021 |
| vii) | के. सगेस बहादुर क्षेत्री | गढ़ी | 05/01/2021 |
| viii) | श्री बिष्णु बहादुर | गढ़ी | 06/01/2021 |
| ix) | श्री दल बहादुर राना | सेवली | /12/2021 |
| x) | श्री भक्त बहादुर | विकासनगर | 03/12/2021 |
| xi) | श्री मुकेश कुमार क्षेत्री | पंडितवाडी | 06/01/2021 |
| xii) | श्री भवानी क्षेत्री | रायवाला | 07/01/2022 |
| xiii) | श्री मेख बहादुर क्षेत्री | रायवाला | |

ग) आमंत्रित अतिथिहरूको सम्मान – माननीय अध्यक्षज्यूले आमंत्रित अतिथीहरूको खादा ओढायेर वहाँको उज्जवल भविष्यको कामना गर्नु भयो वहाँहरूको विचार पनी यस प्रकार ले छः–

i) श्री मनोज ध्यानी, अध्यक्ष, ऐसोसियेशन फॉर डेमोक्रेटिक रिर्फाम – वहाँले समाजमा राजनैतिक अपराधीकरण भयेको बारेमा विस्तृत जानकारी साथै हामीहरूले यस प्रकारका तत्वहरूलाई कुनै प्रकारले समर्थन गर्ने तथा अन्यलाई यस बारे जानकारी दिने प्रार्थना गर्नु भयो।

ii) श्री पूरन सिंह गुरूंग, पूर्व शाखाध्यक्ष रायपूर – वहाँले गोर्खाली सुधार सभाको सरंक्षण पद पायेको सभालाई धन्यवाद व्यक्त गर्नु तथा पूर्व जस्तै सभालाई सहयोग गरी रहने बचन दिनु भयो।

iii) श्रीमती प्रतिज्ञा थापा, मिस उत्तराखण्ड वहाँलाई मिस उत्तराखण्ड सम्मानले सुशोभित भयेको लागी वहाँको पितालाई सभाले सम्मान खादा ओढायेर सम्मान गर्नु भयो सभालाई वहाँले यस सम्मान निम्ती आभार व्यक्त गर्नु भयो।

घ) अंतरंसभाको ऐजेण्डाहरू :–

i) नववर्षको शुभकामना तथा वर्षमा हुने गतिविधि बारे छलफल

ii) वर्ष भरिको सभा सदस्यता, जाति–प्रमाण पत्र तथा आर्थिक सहायताको सार प्रस्तुति तथा विचार विमर्श

iii) सांसद निधी पदत्त भवन निर्माण प्रगति विवरण तथा छलफल

ड.) अंतरंग सभा सम्पुष्टि – महामंत्री ज्यूले विगत माहको अंतरंग सभा विवरण अंतरंग सभा समक्ष प्रस्तुत गर्नु भयो तथा सभाले सम्पुष्टि दियो।

च) आय–व्ययको सम्पुष्टि – माननीय कोषाध्यक्ष श्री प्रदीप क्षेत्री ज्यूले विगत माह दिसम्बरको आय–व्यय सभा समक्ष प्रस्तुत गर्नु भयो शंकाहरूको सफल उत्तर उपरांत सभाले सम्पुष्टि दियो।

छ) सभा द्वारा पत्राचार –

i) उत्तरकाशी जिलाका गोर्खा परिवारको वोटर कार्ड, राशन कार्ड पेन कार्ड, आधार कार्ड आदिहरूको जाँच उपरांत जारी गर्नु निम्ती निवेदन पत्र माननीय सांसद टिहरी, श्रीमती माला राज्य लक्ष्मी शाह ज्यूलाई निवेदन पत्र पुनः प्रेषित गरेका छौं साथै माननीय जिलाधिकारी उत्तरकाशी, जिलानिवार्चन अधिकारी उत्तरकाशी तथा सूचनार्थ श्री नन्द प्रसाद जोशी उत्तरकाशी लाई दिये का छौ।

ii) नवीन भवन निमार्ण बारे कैन्ट बोर्ड लाई सूचित गरेका छौ साथै भवनलाई अधिकृत गर्नु निम्ती निवदेन पनी गरेका छौ।

iii) दुकान तथा घरहरूको किरायासमयमा जमा न

गर्ने किरायेदार श्री राम कुमार, श्री अजय भण्डारी, श्रीमती कायनात अब्बासी तथा श्रीमती कृष्णा थापालाई दुकान तथा घर खाली गर्ने निर्देश दियेका छौं।

iv) बीर शहीद दुर्गा मल्ल तथा दल बहादुर ज्यूको स्मृतिदार शीघ्र निर्माण गर्ने व्यवस्था बारे छावनी परिषद देहरादून लाई पत्र दियेका छौं।

ज) अन्य सूचनाहरू :–

i) निर्माण कार्यको छत लागी सकेको छ

ii) मास्टर मित्र सेनज्यूको शालिग स्थापना भएको छ

iii) खाराखेत नमक आन्दोलनकारी तथा स्वतन्त्रता संग्राम गोर्खा सेनानी खडक बहादुर विष्ट ज्यूको नाममा नेहरूग्राममा नेहरूग्राम गोर्खा विकास समितिले चौक स्थापित गरेको छ।

iv) पिथोरागढ पूर्व सेनिकको भूमि सेनाले अतिक्रमण छोडने बारे पत्र को सूचना सभालाई प्राप्त भयेको छ।

v) मुख्य निवार्चन अधिकारी उत्तराखण्डले उत्तरकाशी जिलाअधिकारीलाई जाँच उपरान्त वोटर कार्ड बनाने बारे निर्देश दियेको छ।

vi) मोथरोवाला सिलाई प्रशिक्षण शीघ्र प्रारम्भ हुने छ।

vii) राज्य सरकार द्वारा कोविड बचाव राहत सहायता हेतू गोर्खाली सुधार सभा लाई प्रशस्ति पत्र प्रदान गरेको छ।

झ) महामंत्री द्वारा निवेदन :–

i) कोविड बढी रहेको कारण हामी सबैले बचाव व्यवहार मास्क लगाने, दुई गज दूरी तथा अति आवश्यक भयेमा बाहिर निकलने आदि गरौ।

ii) सभामा अति आवश्यक भये मात्र सदस्यहरूलाई पठाउने शाखाध्यक्षहरूले त्यस समयमा आफ्नो वर्षको लेखा जाँच पनी गराउने निवेदन छ।

ञ) उपस्थित महानुभावहरूको सुझाव –

i) के. नरेन्द्र सिंह गुरूंग, शाखाध्यक्ष रायपूर– उपस्थित महानुभावहरूलाई नववर्षको शुभकामना दिनु भयो। वहाँले ब्रिटिस पल्टनका वीरता गौरवले सम्मानित कप्तान स्वर्गीय संतवीर गुरूंग लाई सुवेदार, सरदार बहादुर, ओ.बी. आई ओ एम लास्ट आडरली ऑफिसर क्वींस फर्स्टले मान पाउने भयेका छन वहाँ हाम्रा हजूर बाजे हुनु हुन्थियो यो सम्मान हुने प्रथम तथा अंतिमगोर्खा हुनु हुन्छ। सभाका पदाधिकारी तथा अध्यक्ष महोदयको हामी आभारी छौ वहाँले आज सम्मान स्वरूप स्मृति छाया चित्र स्थापित गरी रहनु भयेको छ। वर्तमानमा सभामा पदाधिकारीहरूले सुचारू तथा उत्कृष्ट प्रक्रियाले कार्य गरी रहेको छन वहाँहरूलाई हामी पुनः चयन गर्नुको निम्ती समर्थन गर्ने हो।

ii) श्री पदम शाही, शाखाध्यक्ष चन्द्रबनी – कार्यकारिणीको लागी रायपूर शाखाध्यक्षको समर्थन गर्नु भयो, वर्ष को डायरी मा वर्तमान कार्यकारिणी तथा शाखाध्यक्षको नामावली तथा अन्यविवरण छपाई गरी दिये राम्रो हुने छ।

iii) के. डी.बी. भण्डारी, शाखाध्यक्ष क्लेमेन्ट टाउन – पूर्व समयमा पदाधिकारीहरूको सभा कार्यालयका बैठकमा चयन हुने थियो, यस्तै प्रक्रिया वर्तमानमा पनी व्यवस्था गरी दिये यो खर्चा तथा समय बाँच्ने थियो।

v) श्री शंकर थापा , गढ़ी शाखाध्यक्ष – वहाँले पनी रायपूर शाखाध्यक्ष को विचार समर्थन गर्नु भयो। बैठक तथा आयोजनमा प्राय स्वागत सम्बोधनमा शाखाध्यक्षहरूको उपस्थिती पनि संचालनकर्ताले घोषणा गर्नु पर्छ। सभामा हाल बुकिंग दरमा हामीले कटौती न गरौ सुक्ष्म आयोजन तथा गरीब परिवारलाई मात्र अध्यक्षज्यूले अल्प सहयोग राशिकम गर्नु हुन्छ त हामी लाई मान्य होस। ठुलो विवाह–अन्य कार्यक्रम हामीले पडोसीहरूको असहयोगले गर्दा प्रतिबन्ध गरेका छौ।

vi) श्री जोगेन्द्र शाह, शाखाध्यक्ष विकास नगर – चुनाव गर्ने सम्भव छ त अवश्य गरौ विशेष गरी जहाँ विरोध छ तथा गोपनीयता को आवश्यकता छ।

vii) श्री शम्शेर थापा शाखाध्यक्ष जैन्तनवाला – गोर्खा शहीद सैनिकहरूको फोटो हामी सभामा लगाउनु सकेछौं भने कृपया व्यवस्था गरी दिनु होला।

viii) श्री लीला वली क्षेत्री शाखाध्यक्ष चकरता – वर्तमानमा तकनीक मिडिया प्रसारण विकसित भयेको छ सबैफोटोहरू हामी आफ्नो वेवसाइटमा प्रर्दशित गरौं।

ix) कर्नल सी.बी. थापा, पूर्व अध्यक्ष – वर्तमानमा चुनाव चली रहेको छ विधायकको चयन गर्दा, अपराधिक पृष्ट भूमिका उम्मीदवारहरूको नामांकन प्रतिबन्ध हुनु पर्छ नोटा दबाएर, बहिष्कार गरेर मात्र विरोध देखाउनु सक्छौं अन्यथा चुनाव जितेर अपराध तथा धन अर्जन गर्नु तिर लाग्छ। वहाँले नया वर्षको शुभकामनाको साथ कोविडले आफ्नो–आफ्नो परिवारलाई बचाव गर्ने सुझाव दिनु भयो

हामी सबै कार्य राम्रो तथा सुचारूपले गरी रहेको पदाधिकारीहरू पुनः चयन भये हामी सबै स्वगत गर्ने छौं। के. वाई.बी थापा ज्यूले सेना मुख्यालय विजय दिवस पर्वको उपलक्षमा कलाकृति बनाउनु भयेको वहाँलाई धेरै शुभकामना तथा बधाई छ साथै वहाँले पूर्वमा बनी सुन्दरकलाकृति बनाऐर सभा तथा अन्य संस्थाहरूमा प्रदान गर्नु भयेको छ। यस्तो विलक्षण सर्वगुणी तथा कोशलपूर्व व्यक्तिलाई सभाले विशिष्ट सम्मान गरी दिये सबैलाई प्रेरणा मिलने छ। नेपाली नागरिकले भारतमा स्थायी रूपले बसेको छ वहाँले पूर्व देशको नागरिकता छोडनु पर्छ। अन्य राज्यको जस्तै संबेधानिक भाषाहरूको प्रसारण भारत सरकारले गर्नु पर्छ। वर्तमानमा हुने चुनावमा यदि गोर्खा सदस्य विधायकहरूको लागी नामांकन गछ, हामी सबैले सहयोग गर्नु पर्छ। साथै मात्र गोर्खा न भनेर विकास निम्ती अन्य समुदायको सहयोग पनी लिनु पर्छ।

x) सुश्री पूजा सुब्बा, उपाध्यक्ष – सभामा सबै पदाधिकारी तथा सदस्यहरूलाई नववर्षको शुभकामना छ। पूर्व सबै घोषित विधायक निधी देखी निर्माण आवंटन भई रहेको छ। माननीय मुख्य मंत्रीज्यूको घोषित आवंटन पाउने प्रायस जारी राखेका छौ। श्रीमती कृष्णा थापाले घर किराया समयमा न दिएको तथा असभ्य व्यवहारको कारण हामी अदालती कार्यवाही गरी रहेको छौं सभाले सम्पुष्टि दियो।

<u>**अध्यक्षको सम्बोधन**</u> :– अध्यक्षज्यू द्वारा अन्तरंग सभामा उपस्थित पूर्व अध्यक्ष, शाखाध्यक्ष, सहयोगजित सदस्य सभा कार्यकारिणी अनी वहाँको परिवार लाई नववर्षको शुभकामना दिनु भयो। पछिलो वर्षको आपदाकालमा सभाले सेवा कार्यलाई निरन्तरता राखेको थियो । परिवारहरूमा धेरै क्षति भयेको छ। वर्तमानमा पनी यसका प्रभाव चली रहेको छ कोविड निर्देशको पालन गर्नु होस, परिवारलाई सुरक्षित राख्नु होला।अध्यक्षज्यूले अतंरंग सभाको ऐजेण्डा व्योरा तथा सुझावहरू आफ्नो सम्बोधनको यस प्रकारले राख्नु भयो।

क) 28 – 29 दिसम्बरको मास्टर मित्रसेनन ज्यूको शालिग अनावरणको कार्यक्रम राम्रो सित समापन भयो र गोर्खाली समाजमा एक नया संदेश गयो राम्रो कुरा हो मास्टर मित्रसेन हाम्रो समाजको एक शालिन व्यक्तित्व भयेको साहित्यकार तथा संगीतज्ञ थिये।

ख) मुख्यमंत्री द्वारा 10 अक्टूबर को दिन 51 लाख को घोषणा सभाको जिर्णोद्वार को लागि दिनांक 24 दिसम्बर 2021 को घोषणा संशोधित गरी दियेको छ तथा सरकारी आदेश समाज कल्याण विभाग लाई पठाएको छ तर अईले वहाँको आदेश अपेक्षित छ। यसमा सभाको प्रयास भई रहेको छ आयो भने तुरन्त निर्माण शुरू गरिने छ।

ग) अध्यक्ष ज्यूले सूचना दिनु भयो कि 10 अक्टूबर को कार्यक्रममा माननीय मुख्यमंत्री श्री पुष्कर सिंह धामीज्यू द्वारा गोर्खा मिलिट्री स्कूलको जिर्णोद्वार को लागि घोषणा गर्नु भयको थियो उत्तराखण्ड शासन को कार्यालय अनुभाग – 4 को पत्र स0 361 / गगगअ.4 घो0 / 2022 दिनांक 07 जनवरी 2022 सचिव विद्यालय शिक्षा विभाग उत्तराखण्ड शासन लाई 75 लाख रूपया को स्वीकृति पत्र पठाएको छ, र सभाले गोर्खा मिलिट्री कालेज लाई आगे कार्यवाही को लागि पठाएको छ सभाको प्रयासले यो एक राम्रो उपलब्धि हो।

घ) कर्नल सी.बी. थापा, पूर्व अध्यक्ष गोर्खाली सुधार सभा ज्यूको तरफ देखी सुझाव आयो कि हाम्रो समुदायमा कुनै सदस्यले गोर्खा को सम्मान भारतवर्षमा समुदायको नाम ऊँचा गर्छ, वहाँलाई सभा द्वारा थोड़ा धन राशी रूपया बीस हजार जति तथा प्रशस्ति पत्र दिनु चाहिन्छ। यो 'गोर्खा गौरव' 'गोर्खा सम्मान को नामले शुरू होला, सभाले सम्पुष्टि दिये र अध्यक्ष ज्यूले भन्नू भयो कि यसको लागि एक बोर्ड गठित गर्ने छौं र विषय र कार्यको प्राथमिकतामा देखि धनराशीमा विचार गर्नु पर्ने छ। सबैले सहमती दिऐ।

ङ.) अध्यक्ष ज्यूले निवेदन गर्नु भयो कि आउने 2022 को लोकसभा चुनाउको लागि हजूरहरूले आफ्नो विवेकले वोटको इस्तेमाल गर्ने र जो प्रत्याशीले समुदाय हिर्ताथ मद्द गर्छ त हामीले त्यस पार्टी लाई सहयोग गर्नु चाहिन्छ।

च) पछिलो दुई सालको कोरोना महामारी को दौरान गोर्खाली सुधार सभाले राम्रो काम गर्नुले उत्तराखण्ड सरकार केबिनेट मंत्री श्री गणेश जोशी द्वारा गोर्खाली सुधार सभा लाई वहाँको कार्यक्रम को दौरान अध्यक्ष ज्यूलाई सम्मान गर्नु भयो यो हाम्रो सभाको लागि पनी एक उपलब्धि हो।

छ) विकास नगरका पूर्व शाखाध्यक्ष श्री राम प्रसाद गुरूंग ज्यूको स्व. पिता श्री महावीर प्रसाद गुरूंग महावीर चक्र सम्मानितको स्मृतिमा द्वार को निर्माण भयो राम्रो हो गोर्खाली को उपलब्धि सबैलाई सूचित हुने छ।

ज) सुवेदार मेजर श्री पूरन सिंह गुरूंग ज्यू, रायपुर शाखा आज गोर्खाली सुधार सभाको सरंक्षक बन्नु भयो वहाँलाई बहुत–बहुत बधाई छ, र वहाँ द्वारा आफ्नो समाजलाई धेरै सहयोग मिल्ने अप्रेक्षा राख्छौ।

झ) यस पाली उत्तराखण्ड सरकार द्वारा केबिनेट स्तरमा फैसला भयेको छ कि जोनसारी, गढवाली, कुमाउनी, गुरूमुखी बंगाली भाषाको प्राइमरी शिक्षा प्रारम्भ हुने छ और हाम्रो नेपाली भाषालाई कोई जगह दियेको छै। यसका जवाब सरकार संग माँगने छौं।

अंतमा उपस्थित महानुभावहरूको आभार व्यक्त गर्दै माननीय अध्यक्ष ज्यूले सभा समापन को घोषणा गर्नु भयो।

---

## ठाकुर श्री तेज बहादुर सिंह पंवार– एउटा संस्मरण

**(लेखक –सुबेदार उत्तम सिंह थापा)**

स्र्वगीय ठाकुर साहेब श्री तेज बहादुर सिंह पंवार–ज्यूलाई न चिन्ने हाम्रो शहरमा र गाँउहरूमा थौरैनै मानिस होलन् किन भने उहाँले पर्याप्त धन सम्पदा कोठी जग्गा जमीन हासिल गरेका भएता पनि सदा सर्वदा कुन धनी कुन गरीब जम्मै सहयोगीहरूसित प्रेम र सौहार्दपूर्ण बर्ताव राखेका थिए । उनको हँसीलो मुहाडा, मीठो बोली बचन, निर्मल हृदय र प्रेमपूर्ण व्यवहारले सबैका मनमा विजय प्राप्त गरेको हो।

ठाकुर साहेबको जन्म 1896 ई0 मा भएको हो। उहाँका पिताज्यू श्री गोपाल सिंह पंवार तिनताक ए0 पी0 मिशन हाई स्कूलका प्राध्यापक थिए। ठाकुर साहब जहाँ का कान्छो छोरो थिए। ठाकुर साहब का ज्येठा दाज्यू श्री कुन्दन सिंह पंवार ज्यू अध्यक्षका पदमा 12 मार्च, 1651 देखि 11 दिसम्बर, 1954 सम्म स्थानिय गोर्खाली सुधार सभाको सेवा गरेका हुन् ।

ठाकुर साहेब श्री तेज बहादुर सिंह ज्यू बालककालमा स्थानिय दयानन्द एगंलो वैदिक हाईस्कूल बाट शिक्षापूर्ण गरेर आगरामा बलवंत राजपूत कालेजमा उच्चतर शिक्षा प्राप्त गर्नाका निम्ति भर्ना भए। यस कालेजमा राज स्थानका राजपूत र ठाकुर परिवार बाट आएका विद्यार्थीहरू शिक्षा प्राप्त गर्दथे। यसै शिक्षणकालमा ई0 सन् 1916 देखि लिएर 1921 पर्यन्त ठाकुर साहेबले इन्डियन नेशनल कांग्रेसमा शामिल भएर राजनीतिमा सक्रिय भाग लिए।

राष्ट्रपिता महात्मा गान्धीमा नेतृत्वमा देशव्यापी असहयोग आन्दोलनको सूत्रपात हूँदा ठाकुर साहेबले जवानीको जोशमा मातृभूमिका स्वतन्त्रताको ज्वलन्त संग्राममा हाम फाले ।

घरमा भएको विदेशी माल, असबाब र लाएको लुगाा धरि सार्वजनिक रूपले जलाई स्वाहा पारेर विदेशी मालको बहिस्कार गरे । समाजको सेवा गर्नाका निम्ति ठाकुर साहेबले देहरादूनका गान्धी हाई स्कूलमा अवैतनिक शिक्षकका रूपमा 3/4 वर्ष सम्म सेवा गरे। भनौं भने परिवार को आर्थिक स्थिति बलियो भएको हुनाले उहाँलाई चाकरी गर्ने आवश्यकतानै थिएन।

ठाकुर साहबलाई फुटबाल खेलने औधि शौक थियो। तिनताकका कुशल खिलाडी मद्धे उनको नाऊँ पनि दर्षक हरूमा प्रचलित थियो। उहाँलाई संगीत र शिकार खेल्नुमा पनि ठुलो रूचि थियो । अवकाश पाउदै आफनै बैठकमा संगीत गोष्ठीको आयोजन गर्दथे र कति बाद्यबृन्ध हरू बजाउनामा उहा स्वंय सिद्धहस्त थिए। अथाह अचल सम्पतिका स्वामी भएतापनि ठाकुर साहेब ले धनी गरीब मा भेदभाव राखेनन्। नेपाली जातिको उन्नति कसरी होला भनने विचार मनमा संधै राखी उहाँले स्थानीय गोर्खाली सुधार सभाको आजीवन सदस्य भएर सभाको कार्यवाहीमा निरंतर उचित प्रेरणा प्रदान गरे औ नेपाली जनता प्रति सद्भावना जनाए। सभा गोष्ठीमा भाग लिंदा उहाँ को रसिक

व्यवहार, शान्त स्वभाव र सौजन्यताले जम्मै सदस्यहरू लाई प्रभावित गर्दथ्यो जस्को अभ पनि उनैका कति सहयोगी हरूले सम्झना गर्दछन्।

दैवगतिले ठाकुर साहबको माइलो छोरो थर्ड गोर्खा राईफलसका मेजर विजेन्द्र सिंह को असमयमा नै स्वर्गवास हुँदा ठाकुर साहब लाई ठूलो चोट पायो। यसै दुस्चितमा परेर पटनामा दिनांक 19 जनवरी 1979 मा ठाकुर साहेबको देहान्त भयो । यसरी 74 वर्षको लामो जीवन यात्राा को समाप्तिमा ठाकुर साहबले प्रेम र मीठो बोली बचन जस्तो अमूल्य निधि जन समाजमा छरेर जानु भयो । उनैको सम्झना लाई चिरस्थायी गर्नाका निम्ति ठाकुरानी साहिबाले गोर्खाली सुधार सभा लाई एउटा स्मारक शील्ड प्रदान गर्नु भएकी छन् जस्को उपयोग तार्किक प्रतियोगिताको बर्षेनी आयोजन गरेर पूर्णा हुने निश्चित भएको छ। प्रतियोगिता युवावर्गहरूले भाग लिनेछन् र प्रेमपूर्वक प्रतिस्पर्धामा भाग लिएर ठाकुर साहेबको स्मृति अमर तुल्याउने छन्।

---

## कठै, बुढेसकाल !

तिम्रो र मेरो यौवन गयो
बगेको जलझैं,
न रहयो इच्छा न रहयो आशा,
खसेको फलझैं ।
छोराले पनि हेला नै गर्छ,।
छोरीको के भर,
बुहारी गर्छिन् ठयाँ ठयाँ र ठूँ ठूँ,
के गरि बसौ र ।
शरीर भयो अस्त्र र व्यस्त,
तागत रहेन,

बूढा र बूढी कचकचे भन्छन्,
रोयर भएन।
न मैले पहिला संपत्ति जोडे,
न जोड्न सक्तछु,
शरीरका नशा पडकन थाले,
न उठ्न सक्त छु।
मीठो र पीरो जिरो जिब्रोजे भाग्छ,
त्यो कहाँ पाउँने,
समय आयो र रोटी र पीठो,
कसैले नदिने।

---

## मातृभाषा

**(कुमारी कुमकुम मल्ल)**

संसारमा अनेक जीवात्मा छन् जसले अनेक प्रकारका शब्द र बोली बोलेर आना भाव हरू प्रगट गर्छन। अबोध शीशु चाहे त्यों मानिसको हवस चाहे पशुको, जन्म लिन्दा यस संसार देखि अपरिचित हुन्छ तर कालान्तर मा आफ्नो आमाको माध्यमद्वारा ऊ यस संसार देखि परिचित हुन्छ। यसरी मानिस ले पनि आफ्नो आमाले बोलेको भाषा अथवा मातृभाषाको आलम्बन लिएर संसार देखि परिचित हुन्छ र एवटै भाषा बोलने हरूका बिच आत्मीयता र प्रेम हुंदा एउटा जाति र समाज को सिरजना भएको हुन्छ ।

कुनै पनि जातिको संस्कृति त्यस जातिको भाषामा निर्भर हुन्छ। यसैले कुनै जातिको संस्कृति गर्नु हो र त्यस जातिको देशलाई गुलाम बनाउनु हो भने त्यस जातिको भाषामा शिक्षा–दिक्षा दिनु बन्द गरि दियो भने त्यो जाति मानसिक औ संस्कृति दृश्टिले परतत्र भएर गुलाम बन्न जानछ। लार्ड मैकाले जस्ता विद्वान अंग्रेजले भारतवासी हरू लाई अंग्रजी भाषामा शिक्षा दिक्षा दिने प्रचार गरि हाम्रो देशवासी हरूलाई मानसिक र सांस्कृतिक दृश्टिले परतंत्र बनाएको कुरा हामि लाई विदितै छ। भारत स्वतंत्र भए पछि हाम्रो सरकारले

भारतीय भाषा लाई मान्यता दिएर भर सक विभिन्न प्रान्तमा बोलिने अनेक भाषाहरूमा नै शिक्षा दीक्षा दिने प्रबन्ध गर्ने हामीलाई अंग्रेजीपनाको दासताबाट मुक्त गराउने चेष्ठा गरेको हामी सबैलाई थाहा छ ।

मातृभाषाको यस्तो महत्व बुझी हामीले आफ्नो मातृभाषा नेपाली प्रति अनादर जनाउन हुन्न। हामी देहरादून का नेपाली बासिंदाहरूले पनि दार्जिलिंग र शिलांगको नेपालीहरूले गरेको भाषा प्रति सेवा ध्यानमा राखी चुपलागेर बसनु लज्जाको कुराहो।

## प्रतिभावान विद्यार्थीहरू



**Selection** : Uttarakhand Govt. BSC Nursing College, Dobh Srikot, Pauri garhwal.

Joining month of Jan. Feb. 2022

**Name** :- Miss Neera Chhetri D/o Ex-L/Nk Khum Bahadur Cheetri.

New basti Clement Town, Dehradun Sakha.



**Name :** Sharad Kumar Thapa

D.O.B. : 19/02/1998

S/O. : Basant Kumar Thapa

Maya Devi

Add.: 134, Jaintanwala, Naya Basti, Dehradun, Uttarakhand

School : Kendriya Vidyalaya Birpur, Dehradun

From 1st to 12th

10% - 9.6 cgpa

12% - 86% with subjects PCM

First joined Indian Air Force as an airmen on 1 Jan 2017 and simultaneously cleared NDA/NA written exam. During training I went for SSB and got recommended from Allahabad Board on February 17th ad joined INDIAN NAVAL ACADEMY on July 2017 and passed out from academy on 29th may 2021 as Sub lieutenant and currently serving in INDIAN NAVY.



गोर्खाली सुधार सभाका संरक्षक
श्री पूरन बहादुर गुंरूगज्यूको सम्मान



मिसेज उत्तराखण्ड डॉ० प्रतीक्षा थापाज्यूको
पिता श्री श्याम प्रकाश राईज्यूको सम्मान






गोर्खाली सुधार सभा द्वारा आर्थिक सहायता




जाँबाज रणबाँकुरे कर्नल रणबहादुर गुरुङ, वीर चक्र अलंकृत (भारत पाक युद्ध - 1971),
73औं गणतन्त्र दिवसको पावन अवसरमा, वीरता को प्रतीक - स्मृति द्वार,
उनैको निवास स्थान राँझावालामा **H.E.LT GEN GURMEET SINGH GOVERNOR, UK**
को बाहुली बाट लोकार्पण भयो।





शहीद मेजर दुर्गा मल्ल पार्कमा आयोजित भव्य कार्यक्रममा गोर्खाली सुधार सभाका सम्मानित अध्यक्ष श्री पदम सिंह थापाज्यूलाई समाजसेवाको क्षेत्रमा उत्कृष्ठ कार्य निम्ती काबीना मंत्री मा० गणेश जोशीज्यूले सम्मानित गर्नु भयो।।